गोडैता नगरपालिका

# गोडैता नगरकार्यपालिकाको कार्यालय

गोडैता, सर्लाही

मधेश प्रदेश, नेपाल

## आन्तरिक आय सकंलन (ठेक्का बन्दोबस्त)का लागी शिलबन्दी बोलपत्रको सूचना

**प्रथम पटक प्रकाशित सूचना : २०८२/०८/०१**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गोडैता नगरपालिका,सर्लाहीको क्षेत्राधिकार भित्र पर्ने वेहायवमोजिमको आन्तरिक श्रोत तर्फको कर शुल्क,दस्तुर गोडैता नगरपालिकावाट स्वकृत दररेटमा आ.व. २०८२/०८३ का लागि ठेक्का वन्दोवस्त गर्ने भएकोले इच्छुक फर्म/व्यक्तिहरुवाट आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र,मुल्य अभिबृद्धी कर तथा आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्र प्रमाणित प्रतिलिपी सहितको लिखित निवेदनहरुको साथै तोकिएको दस्तुरमा वोलपत्रफारम यस कार्यालयवाट सूचना प्रकाशन भएको मितिले १५औं दिन भित्र खरिद गरि रिक्त गोप्य शिलवन्दी वोलपत्रहरु सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजे भित्रदर्ता गराउनु हुन नगर कार्यपालिकाको राजस्व परामर्श समितिको मिति २०८२/०७/२८गतेको निर्णय अनुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठे.सि.नं. | ठेक्काको किसिम | न्युनत्तम अंक | ठेक्का अवधि | बोलपत्र दस्तुर फारम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १-२०८२/२०८३ | गोडैता बजार | रु.३,९६,५००/- | २०८३ असार मसान्त सम्म | ५००/- | |
| २-२०८२/२०८३ | भगवतीपुर बजार | ८५,०००/- | २०८३ असार मसान्त सम्म | ५००/- | |

**शर्तहरु:**

१. आफुले कवोल गरेको अंकको ५ प्रतिशत रकम धरौटी रककोरुपमा यस न.पा.को प्रभु बैंक स्थित स्थानीय धरौटी खाता नं. २६२७()()८६३()६८जम्मा गरी सो को अर्धकट्टी सक्कलै भौचर शिलवन्दी वोलपत्र दर्ता गराउँदा नागरिकताको प्रमाण पत्रको प्रतिलिपी साथै पेश गर्नुपर्ने छ।

२. बोलपत्रदताले आफुले कवोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ।

३. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र रु.५००/- फिर्ता नहुने गरी बोलपत्र खरिद गरि सक्नु पर्ने छ खरिद गरिएको बोलपत्र यो सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र दर्ता गराइसक्नु पर्नेछ। यदी सो दिन सार्वजनिक बिदा भएमा कार्यालय खुलेको लगतै दिनको १२:०० बजे भित्रदर्ता गराइसक्नु पर्नेछ र सोहि दिनको २:०० बजे रिक्त पूर्वक दर्ता भएको शिलवन्दी बोलपत्र ठेक्कादार वा त्यसको प्रतिनिधिहरुको रोहवरमा यस न.पा.को कार्यालयमा शिलवन्दी वोलपत्र खोलिने छन्। तर ठेक्केदार वा प्रतिनिधि उपस्थिति नभए पनि शिलवन्दी वोलपत्र खोल्ने वाधा पर्ने छैन।

४.रिक्त नपुगेका तथा म्याद नाघी आएका शिलवन्दी वोलपत्र उपर कुनै कारबाही हुने छैन।

५.बोलपत्र दाताको नाम,ठेगाना र सम्पर्क नं. स्पष्ट रुपले खामको वाहिर उल्लेख गरेको हुनु पर्नेछ।

६.यस नगरपालिकाको तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी समानहरु तिर्न बेखिएमा त्यस्ता व्यक्ति वा फर्मको नाममा ठेक्का स्वीकृति हुने छैन

७.पर्न आएको वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न.पा.लाई सुरक्षित हुनेछ।

८.आफुले कवोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर शुल्क वोलपत्रदाता स्वयम् आफै ठेक्कामा थप गरी यस कार्यालयमा बुझाउनु पर्ने छ।

९.ऐन तथा कानुनले निषेधित गरेको कुनै तरिका अपनाइ कुनै गर्न हुने छैन।

१०.आफुले कवोल गरेको अंक/रुपैया एकमुष्ट रकम न.पा. को प्रभु बैंक गोडैता स्थित आन्तरिक राजस्व खाता नं.२६२७०९००८६३००१३८मा जम्मा गरी सो अर्धकट्टी सक्कलै भौचर यस न.पा. मा लिएर आएमामात्र सम्झौताभई चलन पुर्जा दिइनेछ एकमुष्ट दाखिलामा १० प्रतिशत छुट दिइनेछ।

११.आफुले कवोल गरेको अंक एकमुष्ट जम्मा गर्नुपर्नेछ।

१२.नेपाल सरकार,प्रदेश सरकार र यस न.पा वाट बेला बेलामा दिइएको निर्देशन पालना गर्नु सम्बन्धित सबै ठेक्कदारको कर्तव्य हुनेछ।

१३.ठेक्का सम्बन्धी कार्यालय र ठेक्केदार बीचकुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

१४.सूचनामा उल्लेख भएको हकमा यही सूचना नभएको हकमा सार्वजनिक खरिद ऐन,२०६३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गोडैता न.पा वाट स्वीकृत नियमावली वा कार्यविधि वा प्रचलित कानुन बमोजिम हुनेछ।

१५.ठेक्केदारले प्रत्येक ठेक्काको वोलपत्र छुट्टा छुट्टै वोलपत्रखरिद गरी पेश गर्नुपर्नेछ।

१६.ठेक्काको कर दस्तुर असुल उपर सम्बन्धित दररेटको लागि कार्यालयमा सम्पर्क गर्नुपर्नेछ।

१७.वोलपत्र दाताले सम्झौता गरी चलन पूर्जालिई सकेपछि मानव सृजित बन्द हड्ताल,चक्काजाम, अन्य कुनै प्राकृतिक वा मानवीय कारणले कुनै क्षति/नोक्सानी हुन गएमा कुनै किसिमको माफी मिन्हा गरिने छैन साथै त्यस बापत कुनै क्षतिपूर्ति यस न.पा.वाट व्यहोर्ने छैन।

१८.वोलपत्र स्वकीकृत भई सकेपछि सम्बन्धित ठेक्केदारले वोलपत्र स्वीकृत भएको पत्र प्राप्त गरेको वा घरदैले टास भएको मितिले (७) दिन भित्र वोलपत्र दाताले सम्झौता गर्न आउनु पर्नेछ। सम्झौता गर्न न आएमा वा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा धरौटी रकम जफत गरिनेछ।

१९.सबै किसिमको ठेक्कामा हालको कानुनी व्यवस्थामा नेपाल/प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सो बमोजिम हुनेछ।

२०.ठेक्का अवधि समाप्त भएपछि रक क्लयरेन्स गरेको प्रमाण पेश गरेपछि मात्र धरौटी रकम फिर्ता हुनेछ।

२१.ठेक्का सम्बन्धित कुनै बुझ्नु परेमा कार्यालय समैय भित्र न.पा.को कार्यालयमा सम्पर्क गर्नुपर्ने छ।

**प्रमुख प्रशासकीय अधिकृत**